गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपुर

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं.: ९३६६
प्राप्तपत्र संख्या र मिति :

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

मिति : २०७९/१२/०५

**विषय : सूचना टाँस सम्बन्धमा ।**

श्री वन तथा भू संरक्षण विभाग, बबरमहल काठमाण्डौं
श्री वन निर्देशनालय, पोखरा कास्की
श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू)
श्री जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.पू)
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, नवलपरासी (ब.सु.पू)
श्री मालपोत कार्यालय, नवलपरासी (ब.सु.पू)
श्री गैडाकोट नगरपालिकाको कार्यालय, गैडाकोट, नवलपरासी (ब.सु.पू)
श्री देवचुली नगरपालिकाको कार्यालय, दलदले, नवलपरासी (ब.सु.पू)
श्री कावासोती नगरपालिकाको कार्यालय, शिवमन्दिर, नवलपरासी (ब.सु.पू)
श्री मध्यविन्दु नगरपालिकाको कार्यालय, चोरमारा, नवलपरासी (ब.सु.पू)
श्री विनयी त्रिवेणी गाउँपालिकाको कार्यालय, दुम्कीबास, नवलपरासी (ब.सु.पू)
श्री सब-डिभिजन वन कार्यालय गैडाकोट/देवचुली-बुलिडटार/कावासोती/भाग्रा-रानीटार/अरुणखोला/दुम्कीबास
श्री जिल्ला वन पैदावार व्यावसायी संघ, नवलपरासी (ब.सु.पू) ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/११/२९ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित दाउरा लिलाम सम्बन्धी सूचना यसै साथ संलग्न छ । उक्त सूचना त्यहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी पठाईदिनु हुन अनुरोध छ ।

मोहन राज काफ्ले
डिभिजनल वन अधिकृत

मध्यबिन्दु नगरपालिका
दर्ता नं. ९२९३
मिति २०७९/१२/०६

श्री सूचना प्रविधि शाखा ! संलग्न सूचना website मा upload गर्नु ।

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय नवलपुर
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
नेपाल

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

पत्र संख्या : २०७९/०८०
चलानी नं.:
प्राप्तपत्र संख्या र मिति :

मिति : २०७९/११/२९

# शिलबन्दी बोलपत्रद्वारा दाउरा लिलाम बिक्री सम्बन्धीको सूचना ।

(सौर्य दैनिक, प्रथम पटक प्रकाशित मिति : २०७९/११/२९)

यस कार्यालयलाई नारायणघाट बुटवल सडक योजना, कृषि उपज र मौलाकालिका केवलकारबाट हस्तान्तरण भई आएको साल र अन्य जातको जम्मा २७१.०५ चट्टा दाउरा र डि.व.का परिसर भित्र रहेका जोखिम युक्त रुखहरुको हागाविगाबाट उत्पादन भएको साल जातको २.० चट्टा दाउरा गरी साल र अन्य जातको कुल जम्मा २७३.०५ चट्टा दाउराका लटहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा वन नियमावली २०७९ को नियम २५(४) बमोजिम सम्बन्धित सकारकर्ता उद्योगले आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । **वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएका उद्योगहरुले** सौर्य दैनिकमा यो सूचना प्रथम पटक प्रकाशित भएको २१ औं दिनसम्म श्री वन तथा भू-संरक्षण बिभाग, बबरमहल काठमाण्डौं; श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा; श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू.) र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी २२ औं दिन दिनको ३.०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. लिलाम हुने दाउराको विवरण

| सि.नं. | प्लट | जात | इकाई | परिमाण | न्युनतम् मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| लट नम्बर : ५९-२०७९/०८० | | | | | | |
| १ | अरुणखोला राष्ट्रिय वन दाया खण्ड | साल मिश्रित | चट्टा | ३४.०० | २७२०००.०० | |
| लट नम्बर : ६०-२०७९/०८० | | | | | | |
| २ | अरुणखोला सामुदायिक वन दाया खण्ड | साल मिश्रित | चट्टा | २५.०० | २०००००.०० | |
| | जनजागरण वन खण्ड | साल मिश्रित | चट्टा | २.०० | १६०००.०० | |
| | जम्मा : | | | २७.०० | २१६०००.०० | |
| लट नम्बर : ६१-२०७९/०८० | | | | | | |
| ३ | चक्ला वन दाया खण्ड, अरुणखोला क्षेत्र | साल मिश्रित | चट्टा | २०.०० | १६००००.०० | |
| | अरुणखोला बस्ती खण्ड | साल मिश्रित | चट्टा | ५.०० | ४००००.०० | |
| | जम्मा : | | | २५.०० | २०००००.०० | |
| लट नम्बर : ६२-२०७९/०८० | | | | | | |
| ४ | चक्ला वन बाया खण्ड र अरुणखोला राष्ट्रिय वन बाँया खण्ड | साल मिश्रित | चट्टा | ४८.०० | ३८४०००.०० | |
| लट नम्बर : ६३-२०७९/०८० | | | | | | |
| ५ | लोहासेधारा (दायाँ) वन खण्ड | साल मिश्रित | चट्टा | २०.०० | १६००००.०० | |
| | झरही, महाराजा, अमरापुरी वन खण्ड | अन्य | चट्टा | १०.०० | ४००००.०० | |
| | जम्मा : | | | ३०.०० | २०००००.०० | |

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय नवलपुर

## नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

नेपाल

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

**पत्र संख्या : २०७९/०८०**
**चलानी नं.:**
**प्राप्तपत्र संख्या र मिति :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लट नम्बर : ६४-२०७९/०८० | | | | | | |
| ६ | दुर्गा सामुदायिक वन खण्ड | साल | चट्टा | ८.०० | ९६०००.०० | |
| | | अन्य | चट्टा | ६.०० | २४०००.०० | |
| | कृषि उपच | साल सिसौ | चट्टा | १.३० | १५६००.०० | |
| | डि.व.का परिसर भित्र रहेका जोखिम युक्त रुखहरुको हागाविगाबाट उत्पादन भएको | साल | चट्टा | २.०० | २४०००.०० | |
| | मौलाकाली धा.वन श्रोत भएको मौलाकलिका केवलकारबाट हस्तान्तरण भई आएको | साल मिश्रित | चट्टा | ३.७५ | ३००००.०० | |
| | | | जम्मा : | २१.०५ | १८९६००.०० | |
| लट नम्बर : ६५-२०७९/०८० | | | | | | |
| ७ | न्यू हरियाली सामुदायिक वन खण्ड | साल | चट्टा | १०.०० | १२००००.०० | |
| | | अन्य | चट्टा | २.०० | ८०००.०० | |
| | | | जम्मा : | १२.०० | १२८०००.०० | |
| लट नम्बर : ६६-२०७९/०८० | | | | | | |
| ८ | हरियाली सामुदायिक वन खण्ड | साल | चट्टा | ८.०० | ९६०००.०० | |
| | | अन्य | चट्टा | ३.०० | १२०००.०० | |
| | | | जम्मा : | ११.०० | १०८०००.०० | |
| लट नम्बर : ६७-२०७९/०८० | | | | | | |
| ९ | चक्ला वन दायाँ खण्ड, दुम्कीबास तर्फ | साल मिश्रित | चट्टा | ६५.०० | ५२००००.०० | |

२. यस सूचनाको सक्षिप्त सूचना प्रकाशित भएको मिति (सौर्य दैनिकमा प्रथम पटक प्रकाशित भएको मिति २०७९/११/२९) देखि २१ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेख भएको मूल्य तिरी (पछि फिर्ता नहुने गरी) श्री वन तथा भू संरक्षण विभाग, ववरमहल, काठमाण्डौं; श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा; श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) र यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ। बोलपत्र खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। निवेदन साथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी र उद्योग सूचिकरण भएको प्रमाणपत्र) अनिवार्य संलग्न हुनु पर्ने छ। नगरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्ने छ।

३. दाउराको बोलपत्रको प्रतिस्पर्धामा प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नवीकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिमका सूचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले भाग लिन पाउनेछन्।

४. बोलपत्र दाखिला सूचना प्रकाशित भएको मितिले **२२ औं दिन दिनको ३.०० बजे भित्र** गरिसक्नु पर्ने छ।

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय नवलपुर
**नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)**
नेपाल

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

**पत्र संख्या : २०७९/०८०**
**चलानी नं.:**
**प्राप्तपत्र संख्या र मिति :**

५. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६. बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कावासोती स्थित रा.वा.बैंकमा रहेको धरौटि खाता नं. ३२००१००२०२०३०००० (कार्यालय कोड ३२००२४६०३४) मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तिमा छ महिना अवधिको वैक जमानत पत्र मध्ये कुनै एक समावेश हुनु पर्ने छ ।

७. लिलाम बढाबढ हुने वन पैदावार यस कार्यालयमा सम्पर्क राखी घाटगद्दी स्थानमा गई हेर्न सकिने छ ।

८. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्दछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिइने छ ।

९. शिलबन्दी बोलपत्रमा लाहाछाप लगाईएको हुनु पर्ने छ ।

१०. श्री वन तथा भूसंरक्षण विभाग ववरमहल, काठमाण्डौं, श्री वन निर्देशनालय, पोखरा र जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता भएका शिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या र रीतपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र खोल्ने वारेको सूचना कार्यालयको सूचना पाटीमा टांस गरिने छ ।

११. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्ने छ ।

१२. लिलाम स्वीकृति भएको जानकारी कार्यालयको सूचना पाटीमा प्रकाशित गरिनेछ । सो को जानकारी लिने दायित्व बोलपत्रदाताको रहने छ । बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले १५ दिनभित्र सकार गरेको रकम, निर्धारित मू.अ.कर, अग्रिम आयकर र नियमानुसार लाग्ने **संकलन खर्च प्रति चट्टा रु १२,३७४/- का दरले** बुझाई सकेपछि **वन नियमावली २०७९ को नियम २५(४) बमोजिम सम्बन्धित सकारकर्ता उद्योगलाई छोडपुर्जी गरिनेछ ।**

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित निकायमा सुरक्षित रहने छ ।

१४. यो सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सुचनाका शर्त सम्वन्धमा आई पर्ने अन्य बिबादहरु स्वत अमान्य हुनेछन् ।

१५. सकारकर्ताले सकार रकम, संकलन खर्च र नियमानुसार लाग्ने मुल्य अभिबृद्धि कर तथा अग्रीम आय कर दाखिला गरिसके पछि कार्यालयबाट लिलाम गरिएको दाउराको नियमानुसार बढीमा २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिने छ ।

१६. अन्य कुराको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिाका, २०७३ बमोजिम हुनेछ ।

Scanned with CamScanner